# पर्सा जिल्ला-अदालतबाट जारी भएको

सुचना !　　　सुचना !!　　　सुचना !!!

प्रकाशित सूचना मिति २०७८/०३/२३ गते।

यस अदालतमा विभिन्न मितिमा अभियोगपत्र साथ पेश भई जिन्सीमा आम्दानी बाँधिएका यस अदालतको मिति २०७७/१०/२२ गतेको आदेशानुसार तपसिलमा उल्लेखित सवारीसाधनहरु मुलुकी फौजदारी कार्यविधि नियमावली २०७५ को नियम १५ बमोजिम पहिलो पटक लिलामको प्रकाशित सुचना मिति २०७७/१०/२८ गते र दोस्रो पटक लिलामको प्रकाशित सुचना मिति २०७७/११/१९ गतेको प्रकाशित सुचना बमोजिम मिति २०७७/११/२६ गते सम्म कसैको पनि बोलपत्र फारम खरिद वा शिलबन्दी परेको नहुदाँ तपसिलमा उल्लेखित सवारीसाधनहरु जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ को उप-नियम(११) बमोजिम वार्ताद्धारा बढी भन्दा बढी मुल्य कवोल गर्नु भनि यस अदालतको मिति २०७७/१२/०५ गतेको टिप्पणी आदेश बमोजिम मिति २०७७/१२/१९ गतेको प्रकाशित सुचना समेतबाट कोही कसैबाट बोल कबोल सकार नहुदाँ पुनः यस अदालतको मिति २०७७/१२/०५ गतेको आदेशलाई समेत विचार गरी कार्य अघि बढाउनु होला भनि मिति २०७८/०१/०६ गतेको आदेश बमोजिम परिमार्जित मुल्य अनुसार मिति २०७८/०३/३० गतेका दिन ०५:०० बजे तहसिलदार मार्फत वार्ताद्धारा लिलाम हुने व्यहोराको यो सुचना सर्वसाधारण सवैको लागि प्रकाशित गरिएको छ ।

---

## शर्तहरु

१ मिति २०७८/०३/२८ गते दिउसो ४: ०० बजे सम्म निवेदन दस्तुर रु.१०/- सदर स्याहा गरी यस अदालतको तहसिल शाखाबाट (तोक) दर्ता आदेश र निवेदन साथ पेश गर्नु पर्ने टेण्डर फारम निःशुल्क लिन सकिने छ ।

२ मिति २०७८/०३/२९ गते दिनको १२:०० बजे सम्म वार्ताद्धारा लिलाम विक्रीमा सहभागी हुन निवेदन पत्र दर्ता गरी सक्नु पर्नेछ । सो दिन विदा परेमा सो को भोलिपल्ट सोही समयमा हुनेछ।

३ वार्ताद्धारा लिलाम विक्री हुने मिति २०७८/०३/३० गते दिनको ५:०० बजे सो दिन विदा परेमा सो को भोलिपल्ट सोही समयमा हुनेछ।

४ लिलाम हुने सवारी साधनहरु मोटरसाईकल थान-३८ को सकार गर्ने मुल्यको १३% मूल्य अभिवृद्धि कर बाहेक प्राविधिक मुल्याँकनमा नघटाई बोल कबोल मुल्य निवेदनमा उल्लेख गरी निवेदन दिन सकिने छ। निवेदनमा सबै भन्दा बढी मुल्य कबोल गर्नेलाई लिलाम विक्री गरिने छ।

५ बोल कबुलको १०% रकम तत्काल पर्सा जिल्ला अदालतको कार्यालय कोड नं. २०४९७२२०१ र को. ले. नि. का. पर्साको नाउँमा रा. बा. बैक विरगंजमा रहेको धरौटी खाता नं. १२५०१००१०२०३०००० मा बुझाई भौचर पेश गर्नु पर्ने छ, वा सो रकम यस अदाततको लेखा शाखामा नगदै धरौटीमा जम्मा गरी सोको रसिद पेश गर्नु पर्ने छ र सकार गरिएको हुन आउने बाँकी रकम ७ (सात) दिनभित्र दाखिल गर्नुपर्नेछ । समयमा दाखिल नगरे १०% राखेको धरौटी जफत हुनेछ ।

६ सबैभन्दा बढी बोल कवोल गर्नेलाई वार्ताबाट लिलाम विक्री गरिने छ ।

७ लिलाम हुने सवारी साधनहरुको लागी निवेदन पत्र साथ टेण्डर फारममा के-कुन सवारी साधनहरु लिने हो गाडी नं. तथा रकम समेत छुटा छुटै प्रष्ट उल्लेख गरी छुटा छुटै पेश गर्न सकिने छ।

८ लिलाम हुने सवारी साधनहरु हेर्न चाहेमा वा विस्तृत जानकारीको लागी यस अदालतंको तहसिल शाखामा सम्पर्क राख्नु पर्ने छ।

९ बोलपत्र (निवेदन) स्वीकार गर्ने नगर्ने अधिकार अदालतलाई मात्र हुनेछ ।

विनोद पोखरेल

तहसिलदार(शा.अ.)